# कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोश

ममता संग्रौला
परीक्षा क्रमाङ्क : २०४००२२/२०७४
त्रि.वि. दर्ता नं. : ९-२-०२०४-००४२-२०१२

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

**शोधपत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
सुरुङ्गा, झापा

सन् २०१९/२०७५

# प्रतिबद्धता पत्र

प्रस्तुत *कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोश* शीर्षकको शोधपत्र मैले सम्बन्धित विषयको गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्यहरू सबै प्रामाणिक हुन् । यसमा मेरो मौलिक प्रस्तुति छ । अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।

शोधार्थी
ममता संग्रौला

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.
मिति :..............................

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ प्रयोजनार्थ प्रस्तुत *कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोश* नामक शोध शीर्षकको शोधपत्र यस क्याम्पसका शोधार्थी छात्रा *ममता संग्रौला*ले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसँग म सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२० जनवरी २०१९

---

**शोधनिर्देशक**
उपप्रा. शेरबहादुर बानियाँ
नेपाली शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

# कृतज्ञताज्ञापन

*कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोश* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कनकाई बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

नेपाली भाषामा शोधकार्य वा शैक्षणिक प्रयोजनका लागि यस्ता कोश निर्माण गर्ने कार्य हुन थालेको लामो समय भएको छैन । कोश निर्माण गर्ने कार्य आफैँमा एक जटिल र चुनौतिपूर्ण कार्य हो । निरन्तर अध्ययन र लामो अभ्यासपश्चात् सम्भव हुने शब्दकोश लेखनको यही चुनौतिलाई सामना गर्न मैले कोश निर्माणलाई नै शोधकार्यको विषय चयन गरेकी हुँ । प्रस्तुत शोधकार्य सम्पन्न गर्न कुशल निर्देशन दिई निरन्तर सहयोग गर्नुहुने मेरा शोधनिर्देशक आदरणीय गुरु कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक क्याम्पस प्रमुख शेरबहादुर बानियाँप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु। यसैगरी शोधपत्रको शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गर्ने नेपाली शिक्षा विभाग, स्नातकोत्तर कार्यक्रम, कनकाई बहुमुखी क्याम्पसका नेपाली शिक्षा विभागका सम्पूर्ण गुरुवर्गमा पनि म आभार प्रकट गर्दछु ।

मलाई यस शोधपत्र लेखनका लागि आवश्यक सहयोगी सामग्री साथै हौसला र सल्लाह प्रदान गर्नुहुने मेरा श्रीमान् ज्ञानेन्द्र चम्लागाईप्रति धन्यवाद ज्ञापन गर्दछु। शोधपत्र लेखनका क्रममा तयार गरिएको शोधप्रस्ताव टाइपिङ तथा डिजाइनिङ गर्नुहुने राइजिङ ब्रिटिश आई.टि. इन्स्टिच्युटका भाइ दीपक मैनालीलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। साथै शोधपत्र टाइपिङ तथा डिजाइन गरिदिनु हुने सौजन्य डेस्कटप बिर्तामोड-१ की दिदी मैया बराललाई हार्दिक धन्यवाद दिन चाहन्छु र शोधपत्र लेखनका क्रममा मलाई अनवरत सहयोग गर्ने र आवश्यक सल्लाह सुझाव दिने प्रिय मित्र राधा ढकालमा पनि आभार प्रकट गर्दछु। अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पसप्रति पनि आभार व्यक्त गर्दछु ।

शोधकर्ता

ममता संग्रौला

## शोधसार

प्रस्तुत शोधपत्रको कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोश शोध शीर्षक प्रस्तुत शोधको उद्देश्य कक्षा सातका बालबालिकाको स्तर सुहाउँदो एउटा नमुना शब्दकोशको निर्माण गर्नु हो ।

पाँच अध्यायमा विभाजित यस शोधको अध्याय एकमा परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अनुसन्धान विधि, अध्याय चारमा कक्षा सातको नेपाली किताबमा आधारित नमुना शब्दकोशको प्रस्तुती र अध्याय पाँचमा निष्कर्ष तथा सुझाव रहेको छ। अध्यायको मूल भाग वा अध्याय चारमा ५०० शब्दलाई वर्णानुक्रममा राखी तिनको स्रोत, व्युत्पत्ति, शब्दवर्ग, शब्दस्रोत र अर्थलाई समावेश गरी वर्णानुक्रममा राखिएको छ। अध्ययनको अन्तिममा शोधलाई प्रामाणिक र वस्तुनिष्ठ बनाउन प्रयोग सन्दर्भ सामग्रीको सूची र परिशिष्ट राखिएको छ ।

वर्णविन्यास सम्बन्धी समस्याको समाधान भइसके तापनि शब्दकोश तथा पाठ्यपुस्तकमा भएको वर्णविन्यासगत अन्यौलता र छँदैछ त्यसमा पनि विद्यालय तहका लागि लेखिएका शब्दकोशको अवस्था ज्यादै न्यून रहेको देखिन्छ। संक्षिप्त, सरल, सजिलो शब्दकोश भनी नाम दिएर विद्यालय तहका विद्यार्थीका लागि पाठ्यपुस्तक तथा दैनिक व्यवहारका शब्दहरू सङ्ग्रहीत गरेर शब्दकोश लेखिएको स्थिति छ तर यी शब्दकोशहरूको प्रयोग भने लक्षित वर्गले न्यून रूपमा मात्र गरेको पाइन्छ। अहिलेको समयमा पनि कुनै-कुनै विद्यालयमा शब्दकोश नै राखिएको पाइँदैन। राखिएको भए तापनि अधिकांश शिक्षकले त्यसको प्रयोग नै गरेको पाइँदैन। यस्तो अवस्थामा विद्यार्थीले शब्दकोशको प्रयोग गर्नु टाढाको कुरा भयो। नेपाली भाषा विषयका लागि शब्दकोशहरूको लेखन व्यावसायिक रूपमा हुन नसके तापनि अध्ययन, अनुसन्धान तथा शोधकार्यको उद्देश्य पूर्तिका लागि मात्र हुने गरेको पाइन्छ। यसले गर्दा पनि कम्तीमा विद्लाय स्तरमा तहगत वा कक्षागत रूपमा शब्दकोशको निर्माण गर्नु आजको आवश्यकता रहेको छ। यसरी हेर्दा कक्षा सातका विद्यार्थीहरूको स्तर सुहाउँदा शब्दकोशहरू निर्माण गर्न सकिने स्थिति देखिन्छ ।

विद्यालय स्तरमा तहगत वा विषयगत शब्दकोश निर्माण गर्दा शिक्षण सिकाइ क्रियाकलापमा उपयोगी हुने देखिन्छ। जस्तै शब्दको अर्थ थाहा पाउन, शब्दको स्रोत पत्ता लगाउन, शब्दको वाक्य निर्माण गर्न, शब्दको शुद्ध हिज्जे प्रयोग गर्न, एक शब्दलाई अनेक अर्थमा प्रयोग गर्न, शब्दको निर्माण प्रक्रिया बुझ्न, शब्दहरूलाई कोशीय अनुक्रममा राख्न, विद्यार्थीहरूमा शब्दकोश हेर्ने तथा प्रयोग गर्ने बानीको विकास गर्न ।

## विषयसूची

विषय | पृष्ठ सङ्ख्या


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| **अध्याय : शोध परिचय** | **१-४** |
| विषय प्रवेश | १ |
| समस्याकथन | २ |
| शोधको उद्देश्य | २ |
| अध्ययनको औचित्य | ३ |
| अध्ययनको परिसीमा | ३ |
| शोधको रूपरेखा | ४ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** | **५-** |
| पूर्वकार्यको समीक्षा | ५ |
| पूर्वकार्यको उपयोगिता | ८ |
| सैद्धान्तिक अवधारणा | ८ |
| शब्दकोशका प्रकारहरू | ९ |
| कोश निर्माण योजना | १४ |
| सामग्री सङ्कलन प्रक्रिया | १४ |
| शब्दकोशको स्वरूप | १५ |
| पूर्वभाग | १६ |
| मूलभाग | १६ |
| उत्तरभाग | १७ |
| कोश सम्पादन प्रक्रिया | १८ |
| **अध्याय तिन : अनुसन्धान विधि** | **२६-२८** |
| अनुसन्धान ढाँचा | २६ |
| तथ्याङ्कका स्रोतहरू | २६ |
| तथ्याङ्क सङ्कलनका साधनहरू | २७ |

तथ्याङ्क सङ्कलन प्रक्रिया २८

तथ्याङ्क विश्लेषण प्रक्रिया २८

**अध्याय चार : कक्षा सातको नेपाली किताबमा आधारभूत नमुना नेपाली शब्दकोश २९-६७**

**अध्याय पाँच : निष्कर्ष तथा सुझाव ६८-**

निष्कर्ष ६८

उपयोगिता/सुझावहरू ७०

नीति निर्माण तह ७०

कार्यान्वयन तह ७१

अनुसन्धान तह ७२

सन्दर्भसूची

परिशिष्ट

# सङ्क्षेप सूची

| | | |
|---|---|---|
| अ. | = | अरबी |
| अक्रि. | = | अकर्मक क्रिया |
| अङ्. | = | अङ्ग्रेजी |
| अनु. | = | अनुकरणमूल |
| क्रि. | = | क्रिया |
| क्रि.यो. | = | क्रियायोगी |
| क्रि.वि. | = | क्रिया विशेषण |
| ति. | = | तिर्यक् |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| द.नं. | = | दर्ता नम्बर |
| दो.सं. | = | दोस्रो संस्करण |
| द्वि. | = | द्वित्व |
| ना. | = | नाम |
| ना.धा. | = | नामधातु |
| ना.यो. | = | नामयोगी |
| निपा. | = | निपात |
| नेपा.शि. | = | नेपाली शिक्षा |
| नेवा. | = | नेवारी |
| पु. | = | पुलिङ्ग |
| पुरु. | = | पुरुष |
| फा. | = | फारसी |
| बहु. | = | बहुवचन |
| वि. | = | विशेषण |
| विप. | = | विपरीतार्थी |

| | | |
|---|---|---|
| वि.बो. | = | विस्मयादिबोधक |
| वि.सं. | = | विक्रम संवत् |
| सं. | = | संस्कृत |
| संयो. | = | संयोजक |
| संवा. | = | सङ्ख्यावाचक |
| सक्रि. | = | सकर्मक क्रिया |
| सम्पा. | = | सम्पादन |
| सर्व. | = | सर्वनाम |
| सा.सं. | = | सातौं संस्करण |
| स्त्री. | = | स्त्रीलिङ्ग |
| हेय. | = | हेयार्थ |

# विराम तथा सङ्केत चिह्न सूची

| चिह्न | चिह्नको नाम |
|---|---|
| / | विभाजक, विकल्प जनाउने |
| - | योजक/निर्देशक चिह्न |
| . | सङ्क्षेप चिह्न |
| + | संयोजक/जोड |
| // | उच्चारित रूप |
| ( ) | विवृति/स्पष्टीकरण/रूपायन आदि |
| , | व्युत्पादन/व्युत्पत्ति |
| \|\|\|\| | खाली |
| : | व्याख्या/सापेक्ष/निर्देशक |
| श्र | अगिल्लोबाट व्युत्पादन |
| ? | पछिल्लोबाट व्युत्पादन |
| । | पूर्णविराम |
| , | अल्पविराम |
| ; | अर्द्धविराम |
| ? | प्रश्नविराम |
| ! | उद्गार/विस्मयादिबोधक |
| .....' | एकोहोरो उद्धरण |
| .........." | दोहोरो उद्धरण |